# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार



देशको आर्थिक सामाजिक विकासमा ४६ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष १९ अंक २ असोज–कार्तिक २०६८ Year 19 Vol 2 Oct. -Nov. 2011

## राष्ट्रिय वाणिज्य बैंक संचालक समिति पुनर्गठित अध्यक्ष श्री नरहरि ढकाल

नेपाल सरकारले राष्ट्रिय वाणिज्य बैक लि.संचालक समितिको हालै पुनर्गठन गरेको छ । पुनर्गठित संचालक समितिको अध्यक्षमा श्री नरहरि ढकाल हुनुहुन्छ भने सदस्यहरूमा सर्वश्री शान्तराज सुवेदी, विष्णुदास डंगोल, वालचन्द्र श्रेष्ठ, पितृभक्त पोखेल, लक्ष्मण न्यौपाने र विज्ञ संचालक तथा प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्ले हुनुहुन्छ ।

हर्मी गा.वि.स. वडा नं ८ टारिगांउ कालढुङ्गेमा वि.सं २०१७ साल भाद्र २८ गते जन्मनुभएका श्री नरहरि ढकाल प्राज्ञिक हिसावले विकास अर्थशास्त्री हुनुहुन्छ । श्री ढकालसंग वैंक तथा वित्तिय क्षेत्र, उद्यमशीलता विकास र जिविकोपार्जन सुधारको २५ वर्षभन्दा लामो कार्यानुभव रहेको छ । विभिन्न महत्वपूर्ण संस्थामा उच्च व्यवस्थापकीय अनुभव संगाल्नुभएका श्री ढकालले नेपाल लगायत क्याम्बोडिया, बंगलादेश, अफगानिस्तान, पूर्वी टिमोर, थाईल्याण्ड लगायतका देशमा वैंक तथा वित्तिय क्षेत्र स्थापना र पुनसंरचनाको अनुभव संगाल्नुभएको छ ।



नरहरि ढकाल

उहां नेपाल सरकारको मिति ०६८।६।१० को निर्णयानुसार देशकै ठूलो, दोश्रो पुरानो पूर्ण सरकारी सामित्वको राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको अध्यक्षमा नियुक्त हुनुभएको हो ।

*बाँकी पृष्ठ ३ मा*

## यस अंकमा

- रावाबैंकमा नयाँ संचालक समिति
- रावाबैंकका वरिष्ठ अधिकारीहरूको विदाई
- विभिन्न स्थानमा शाखा पुनःस्थापना
- विभिन्न स्थानमा महालक्ष्मी उपहार वितरण
- प्रगति समीक्षा गोष्ठीहरू सम्पन्न
- साथमा युनियन गतिविधि लगायतका सामग्री



शाखा कार्यालय कठौनाको समुद्घाटन पश्चात् खाता खोल्ने ग्राहकहरूको भिड

## राष्ट्रिय वाणिज्य वैंकद्वारा एकैसाथ ३ शाखा पुनस्थापना

राष्ट्रिय वाणिज्य वैंकले शिवगन्ज (झापा), पथरी (मोरंग) र कठौना (सप्तरी) मा एकैसाथ ३ शाखा पुनस्थापना गरेको छ ।

असोज ८ **शिवगन्ज**

वैंकको १२९ औं शाखाको रूपमा पुनस्थापित शाखा कार्यालय शिवगन्जको वैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले एक विशेष समारोहका बीच समुद्घाटन गर्नुभयो । सो क्रममा शिवगन्जमा आयोजित समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले पूर्ण सरकारी राष्ट्रिय वाणिज्य बैंकले हालका दिनहरूमा कम्प्युटरकृत, आधुनिकतम र गुणस्तरीय सेवा दिंदैआएकोले रावावैंकसंग कारोवार गरी



लाभान्वित हुन ग्राहकलाई आग्रह गर्दै पूर्ण सरकारी बैंकको मालिकको रूपमा रहेका जनताको काम छिटो छरितो ढंगले सम्पादन गर्न सम्वध्द

*बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय

राष्ट्रिय वाणिज्य बैंकमा केही वर्ष पहिले आरम्भ गरिएको वित्तिय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनको करिव आठ वर्षको अवधिमा बैंकले धेरै क्षेत्रमा सकारात्मक उपलब्धि हासिल गरेको छ। यी उपलब्धिको वावजुद बैंक सामु अद्यापी केही समस्याहरू रहेका छन् । देशकै ठूलो र पूर्ण सरकारी यस बैंकसामु जति राम्रा अवसर छन् त्यतिकै संगीन चुनौती पनि छन् । ती चुनौतीमध्ये बैंकको खुद सम्पत्तिलाई सकारात्मक बनाउने तथा बैंकलाई व्यवसायिक ढंगले चलाई यसले प्राप्त गरेका उपलब्धिलाई दिगो गराउने अहम चुनौतीको रूपमा रहेका छन् । नेपाल ओद्योगिक विकास निगम र यस बैंकको मर्जरबारे हालका दिनमा सरकारीस्तरबाट भएका प्रयासले सार्थकता पाए पछि बैंकको खुद सम्पत्तिको समस्या समाधान भई प्रतिष्पर्धी बजारमा बैंकले दह्रो गोडा टेक्नेछ । यसैगरि बैंकको प्रमुख कार्यकारीमा प्रतिष्पर्धाको माध्यमबाट योग्यतम व्यक्ति चयन हुन सकेमा बैंकलाई व्यवसायिक ढंगबाट चलाउन सकिने कुरामा सन्देह छैन । हो, यस बैंक सामु अनगिन्ति अवसर र चुनौती छन् ,कुनै पनि जीवन्त संस्थामा चुनौती र अवसर संगसंगै हुन्छन्, मुख्य कुरा समूचित व्यवस्थापनको हो । यहांनेर यस बैंकको संचालक समितिका नवनियुक्त अध्यक्ष नरहरि ढकालले हालै एक समारोहमा दिएको “हामीले प्रतिकुलतालाई अनुकूलतामा बदल्नु पर्छ चुनौतीलाई अवसरमा बदल्नु पर्दछ” भन्ने अभिव्यक्ति अनुशरणीय छ, आशा गरौं यस बैंकका सबै सरोकारवालाका कदमहरू यसै दिशामा परिलक्षित हुनेछन् ।

### राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

राष्ट्रिय वाणिज्य बैंक समाचार तपाई हाम्रै समाचार हो । रावावैक समाचारको नियमित प्रकाशनको लागि बैंकका गतिविधिबारे सूचना तथा जानकारी आवश्यक हुने र त्यस प्रयोजनका लागि अन्य वाह्रय छापामा जस्तै विभिन्न स्थानमा रिपोर्टरको व्यवस्था नगरिएको हुंदा सूचनाको श्रोतको रुपमा रहेका यस बैंकका विभिन्न शाखा कार्यालय,क्षेत्रीय कार्यालय, केन्द्रीय कार्यालयका विभाग, कम्पनी सचिवालय तथा यूनियनका केन्द्रीय समितिहरुलाई कुनै पनि कार्यक्रम आयोजना गर्नु पूर्व स्थानविशेषको आधारमा कम्तिमा २४ घन्टा पहिले यस समाचारलाई खवर गर्नुहुन या कार्यक्रम सम्पन्न भएको ३ दिनभित्र कार्यक्रम सम्बन्धी विवरण तथा तस्वीर तलको ठेगानामा पठाई समाचार संकलनमा सहयोग गर्नुहुन अनुरोध छ ।

**सम्पादक**

**राष्ट्रिय वाणिज्य बैंक समाचार**

**राष्ट्रिय वाणिज्य बैंक**

**केन्द्रीय कार्यालय**

**सामान्य सेवा विभाग**

**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल :** rbbnl@rbb.com.np

**फ्याक्स : ४२४९५६५**

## सम्पादकलाई चिठी

श्रीमान सम्पादकज्यू
रावावैंक समाचार

**विषय : विभागको नाम सम्वन्धमा**

राष्ट्रिय वाणिज्य वैंक लिमिटेड केन्द्रीय कार्यालयको नाम ब्रान्च अपरेसन विभाग कता कता नमिलेको जस्तो लाग्यो । वास्तवमा ब्रान्च अपरेसन अंग्रेजी शब्द हो भने विभाग चाहीं नेपाली शब्द । एउटै विभागको नाममा अगाडिको दुई शब्द अंग्रेजी र एउटा नेपाली हुंदा अलि नमिलेको होकी भन्ने लागेकोले विभागको नाम कि शाखा संचालन विभाग हुनु प-यो कि त ब्रान्च अपरेसन डिपार्टमेन्ट हुनु पऱ्यो ।

गुप्त के.सी.
वोर्लाङ्ग ९ गोरखा हाल काठमाडौ

(के.सी.जी सुझावको लागि धन्यवाद, उक्त सुझाव सम्वन्धित विभागमा प्रेषित गरिएको ब्यहोरा अवगत गराईन्छ। - सम्पादक

.............................................................................................

श्रीमान् सम्पादकज्यू
रावावैंक समाचार

मैले रावावैक समाचारको पुरानो अंक पढ्ने अवसर पाएं । त्यहां ग्राहकका गुनासा सुझाव पनि राखिएका रहेछन् खुसी लाग्यो। मलाई यौटा गुनासो कहां गरौं जस्तो लागेको थियो , लेख्दैछु।

म राष्ट्रिय वाणिज्य बैक र अन्य वाणिज्य तथा विकास वैंकको समेत ग्राहक हुं । यी बैकका शाखाहरूमा म कामको सिलसिलामा वारम्बार जाने गर्दछु। यस क्रममा अन्य बैंकका कर्मचारी त भद्र व्यवहार गर्दछन् तर राष्ट्रिय वाणिज्य वैक शाखाका एक दुई बाहेक धेरैजसो प्रवन्धकदेखि कर्मचारी र सुरक्षा गार्डसम्मको व्यवहार भने टिठलाग्दो छ । उनीहरू ग्राहकसंग विनम्र शिष्ट व्यवहार त धेरै परको कुरा ,बोल्दा पनि उनीहरूले तिर्नु पर्ने बील उठ्छ कि जस्तो व्यवहार गर्छन् , केही सोध्दा भरसक सुन्या नसुन्यै गर्छन् सुनिहाले पनि झर्केर जवाफ दिन्छन् ,गप्रहकसंग कठोर व्यवहार गर्छन ,अचेल ग्राहकलाई देवता ,अन्नदाता भन्ने जमाना आएको छ उनीहरू ग्राहकलाई वाध्यतावश आएको भिखारीजस्तो व्यवहार गर्छन् मानौं उनीहरू ग्राहकको सेवा गर्न होईन कि मालिक्याई देखाउन भर्ना भएका हुन् । हामीले रावावैंकलाई सरकारी बैंक भनेर माया गर्ने तर कर्मचारीले मालिककोजस्तो व्यवहार गर्ने यो विसंगतिपूर्ण अवस्था रावावैंकमा कहिलेसम्म रहला ? राष्ट्रिय वाणिज्य बैंकको धेरै नै सुधार भयो भन्ने सुनिन्छ तर कर्मचारी व्यवहार सुधारमा बैंकले किन चासो नदेखाएको होला ?

शालीन तिम्सिना
अर्घौ पोखरा, हाल काठमाडौ

(सुझाव । गुनासोको लागि धन्यवाद, तपाईको यो अमूल्य सुझाव सम्बन्धित विभागमा प्रेषित गरिएको ब्यहोरा अवगत गराईन्छ । सम्पादक)

.............................................................................................

## नेपाल बैंक लिमिटेडद्वारा समाचारको खण्डन

नेपालमा सबैभन्दा ठूलो एविविएस संजाल रहेको नेपाल बैक लिमिटेडभन्ने विज्ञापन सामग्रिबारे रावावैंक समाचारको गताङ्कमा प्रकाशित समाचार सम्वन्धमा नेपाल बैंक लिमिटेडका जन सम्पर्क अधिकृत अश्विन पुडासैनीले प्रतिक्रिया जनाउनुभएको छ। श्री पुडासैनीले रावावैंक समाचारसंगको टेलिफोन सम्वादमा रावावैंकका ९८ शाखा एविविएस संजालमा रहेको बेला नेवैलिका १११ शाखामा एविविएस संजाल पुगेको र सोही आधारमा उक्त विज्ञापनको होर्डिंग बोर्ड तीनकुने काठमाडौमा राखिएको जनाउनुभएको छ ।

(नेपाल बैंक र रावावैक राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दैआएका देशकै पहिलो र दोश्रो अगुवा वाणिज्य बैंक हुन् ,यस ऐतिहासिक भूमिकामा लामो सहयात्राको कारणले नेपाल बैंकको प्रगतिमा रावावैंक र रावावैंकको प्रगतिमा नेपाल बैंक खुशी नहुने प्रश्नै रहंदैन। राष्ट्रिय वाणिज्य बैंकका हाल १३१ शाखा एविविएस संजालमा आवध्द रहेको सन्दर्भमा कुनै मिति उल्लेख नगरी तीनकुनेमा राखिएको उक्त होर्डिंग बोर्डले यस बैंकका कर्मचारी र ग्राहक दुबैमा भ्रम सिर्जना गरेकोले सो भ्रम निवारणार्थ आन्तरिक समाचारमा छापिएको उक्त समाचारको कारण नेपाल बैंक लि.लाई पर्न गएको असुविधा निम्ति दु:ख व्यक्त गर्दै आगामी दिनमा बजार प्रवर्द्धन तथा सूचना प्रवाहको क्षेत्रमा सहकार्यको प्रतिवद्धता दोहऱ्याउँछौं ।

\- सम्पादक

## राष्ट्रिय वाणिज्य संचालक समिति ...

**सदस्यः विष्णुदास डंगोल**



वि.सं.२००५ चैत २७ मा मरूहिटी टोल काठमाडौंमा जन्मनुभएका श्री विष्णुदास डंगोल त्रिभुवन विश्वविद्यालयबाट एम. ए. ( अर्थशास्त्र ) एम.कम.,र वि.एल.को उपाधी हासिल गर्नुभएको छ । श्री डंगोलले नेपाल बैंक लिमिटेड व्यवस्थापन समितिको सदस्य, नेपाल ट्रान्जिट एण्ड वेयरहाउसिंग कम्पनी लि.को महाप्रवन्धक,भक्तपुर काफ्ट प्रोजेक्टको महाप्रवन्धक, नेपाली राजदूतावास वासिंगटन डि.सि.मा आर्थिक परामर्शदाता लगायतका महत्वपूर्ण जिम्मेवारीको अनुभव संगाल्नुभएको छ ।

**सदस्य : वालचन्द्र श्रेष्ठ**



शंकरापुर नगरपालिका इन्द्रायणीमा वि.सं. २०२६ कात्तिक १ गते जन्मनुभएका श्री वालचन्द्र श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट एम.वि.ए., एल.एल एम., एम .ए. (अर्थशास्त्र ) को उपाधि हासिल गर्नुभएको छ । श्री श्रेष्ठले राष्ट्रिय प्रकृति संरक्षण कोष र कानुन सरोकार समूहको कार्यानुभव संगाल्नुभएको छ ।

**सदस्यः पितृभक्त पोखेल**



श्री पितृभक्त पोखेल वि.सं२००९ असोज १८ गते रावा,खार्पा खोटाङ्गमा जन्मनुभएको हो । त्रिभुवन विश्व विद्यालयवाट शिक्षाशास्त्र (लेखा) मा स्नातक उपाधी हासिल गर्नुभएका श्री पोखेलले महालेखा नियन्त्रक कार्यालयमा उपसचिव (लेखा) को कार्यानुभव संगाल्नुभएको छ ।

**सदस्य : लक्ष्मण न्यौपाने**

यसै गरी श्री लक्ष्मण न्यौपाने यस बैक संचालक समितिको सदस्यमा मनोनयन हुनु भएको छ ।

## नेको इन्सोरेन्सको अध्यक्षमा श्री ज्योतिचन्द्र ओझा

यस बैंकको प्रवर्ध्दन सहभागिता रहेको नेको इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति ०६८।४।१८ को संचालक समितिको बैठकले यस बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझालाई नेको इन्योरेन्स कम्पनी लि.संचालक समितिको अध्यक्षमा निर्विरोध चयन गरेको छ ।



वि.सं.२०१५ कार्तिक ७ गते डेढगांउ ६,नवलपरासीमा जन्मनुभएका ओझाले एशियन इन्सिटिच्यूट अफ टेक्नोलजि ,बैंकक ,थाईल्याण्डबाट एम.वि.ए र कृषि तथा पशु विज्ञान अध्ययन संस्थानबाट वि.एस्सीं . को उपाधी हासिल गर्नुभएको छ । श्री ओझाले वि.सं.२०६६ भाद्रदेखि रावावैंकमा नायव महाप्रवन्धकको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा एकैसाथ...

कर्मचारीलाई निर्देशित गर्नुभयो । रावावैक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको सभापतित्वमा सम्पन्न उक्त समारोहमा रावावैंकका नायव महाप्रवन्धक प्रकाशकुमार ढुंगाना, केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी ,जिल्ला प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी योगेन्द्र दुलाल, उद्योग वाणिज्य संघ शिवगन्जका अध्यक्ष भोला मैनाली शिवगन्ज क्याम्पसका अध्यक्ष पुण्य ढकाल, स्थानीय व्यापारीका तर्फबाट विनोद तिम्सिना,स्थानीय वुध्दिजीविमा विष्णुप्रसाद खतिवडा, खोदनाथ चापापाई र पुनस्थापित शाखा कार्यालय शिवगन्जका प्रवन्धक विष्णु निरौला लगायतका वक्ताहरूले राष्ट्रिय वाणिज्य वैंकको पुनस्थापनाबाट यस क्षेत्रको आर्थिक सामाजिक जीवनमा पर्ने सकारात्मक प्रभावबारे प्रकाश पार्नुभएको थियो । शाखा कार्यालय इटहरिका प्रवन्धक विरेन्द्र थापाको संचालनमा सम्पन्न उक्त समारोहमा स्थानीय उद्यमी ,व्यवसायी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति थियो । सो दिन कुल १२८ ग्राहकले त्यस शाखामा आफनो खाता खोलेका थिए ।

**पथरी**

वैंकको १३०औं शाखाको रूपमा पुनस्थापित शाखा कार्यालय पथरी (मोरंग) को वैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले पथरीमा आयोजित एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो अवसरमा




प्रमुख कार्यकारी अधिकृत काफ्लेले रावावैंकले जनसेवालाई प्राथमिकता दिई शाखा पुनस्थापना गरेको वताउँदै कुनै पनि संस्था जीवित रहन



न्यूनतम मुनाफा भने आवश्यक रहने सन्दर्भमा निक्षेप जम्मा र कर्जा सदुपयोगमा विशेष सहयोग पुराउन सम्वध्द सबैलाई आग्रह गर्नुभयो । सो समारोहमा रष्ट्रिय वाणिज्य वैंकका नायव महाप्रवन्धक प्रकाश कुमार ढुंगाना ,उद्योग वाणिज्य संघ पथरीका महासचिव उमानाथ अधिकारी ,पूर्वान्चल ग्रामीण विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्यामदेव योगी ,स्थानीय वुध्दिजीवि वीर बहादुर वस्नेतको समुपस्थितिमा राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको सभापतित्वमा सम्पन्न उक्त समारोहमा पुनस्थापित शाखा कार्यालय पथरीका प्रवन्धक खड्क नारायण श्रेष्ठले स्वागत मन्तव्य दिनुभएको थियो ।

असोज ९ **कठौना**




यसैगरी बैंकको १३१ औं शाखाको रूपमा पुनस्थापित शाखा कार्यालय कठौनाको बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्ले र सप्तरीका प्रमुख जिल्ला अधिकारी लेखनाथ पोखेलले संयुक्त रूपमा समुद्घाटन गर्नुभयो । उक्त समारोहमा प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले राष्ट्रिय वाणिज्य बैंकले प्रवाहित गर्ने सानादेखि ठूला कर्जाको सदुपयोग गरी लाभान्वित हुन कर्जा ग्राहकलाई आग्रह गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको सभापतित्वमा सम्पन्न उक्त समारोहमा सप्तरीका प्रमुख जिल्ला अधिकारी लेखनाथ पोखेल ,राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी ,उद्योग वाणिज्य संघ कठौनाका अध्यक्ष शत्रुघन प्रसाद रौनियार लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो। उक्त समारोहमा पुनस्थापित शाखा कार्यालय कठौनाका प्रवन्धक विजय कुमार सिंहका साथै स्थानीय उद्यमी व्यवसायी एवं जनसाधारणको उपस्थिति थियो ।

## तनाव व्यवस्थापनसम्बन्धी तालीम सम्पन्न

भाद्र ३१ पोखरा

राष्ट्रिय वाणिज्य वैंक क्षेत्रीय कार्यालय पोखराको आयोजनामा एक दिवशीय तनाव व्यवस्थापनसम्बन्धी तालीम कार्यक्रम हालै सम्पन्न भयो । राष्ट्रिय वाणिज्य बैंक पोखरा क्षेत्रका प्रवन्धक ,उप प्रवन्धक, शाखा कार्यालय महेन्द्रपुल, पृथ्वीचोक, अमरसिंहचोक का प्रवन्धक लगायत चार तहसम्मका कर्मचारीको सहभागितामा श्री राजु अधिकारी तथा गायत्री परिवार नेपालका सावित्री काफ्ले र सहयोगीको श्रोत सहयोगमा स्थानीय होटल दीपसागर नयां सडकको सभाकक्षमा सम्पन्न उक्त तालीम कार्यक्रमको समापन समारोहमा क्षेत्रीय प्रवन्धक ओम प्रकाश आचार्यले धन्यवाद तथा समापन मन्तव्य दिनुभएको थियो ।

## रावावैकका सबै शाखा कार्यालय एविविएस संजालमा


पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य बैंक लि.का सबै शाखाकार्यालयहरू कुनै पनि शाखा वैकिंग पध्दति (एनि ब्रान्च बैकिंग सिष्टम एविविएस) संजालमा आवध्द भएका छन् । देशभर १३१ शाखाको कार्यजालो रहेको यो वैकका सबै शाखाहरू केन्द्रिकृत सूचना प्रणालीमा समेट्ने कार्य हालै सम्पन्न भएपछि शाखा संजालको आधारमा सबैभन्दा ठूलो यो बैंक एविविएस संजालमा समेत सबैभन्दा ठूलो वैकको रूपमा प्रतिष्ठापित भएको छ ।

स्मरण रहोस, बैंकमा वित्तिय क्षेत्रको सुधार आरम्भ हुनुअघिसम्म बैंकले लेजर तथा म्यानुअल पध्दतिबाट परम्परागत ढंगले सेवा उपलब्ध गराउदै आएकोमा सुधार आरम्भ भए पश्चात सूचना प्रविधिको प्रयोगमा बैंकले देखाएको अग्रसरताको फलस्वरूप सबै शाखाहरू कम्प्युटरीकृत गरि बैंकले ग्राहकलाई छिटोछरितो सेवा उपलब्ध गराउदै आएको छ । ग्राहकलाई एक स्थानबाट अर्को स्थानमा कारोवार गर्न सहजता प्रदान गर्न बैंकको सूचना प्रविधि विभागको सक्रियतामा आरम्भ गरिएको एविविएस सेवा विस्तार बाट यस बैकका विसौं लाख ग्राहक लाभान्वित हुनेछन् । एविविएस सेवा अन्तर्गत यस बैंकका ग्राहकले कुनै यस बैंकका कुनै पनि शाखामा नगद जम्मा गर्न र कुनै पनि शाखाबाट रकम झिक्ने सुविधा प्राप्त गर्दछन् । यो सुविधा अन्तर्गत एक व्यक्ति वा फर्मलाई एक दिनमा रू २ लाख सम्म राख्दा । झिक्दा कुनै शुल्क लाग्दैन ।




(फाइल फोटो : शाखा कार्यालय बेशीसहर)

## ब्रान्च प्रोफाईल



शाखा कार्यालय : अमरसिंहचोक (गत आ.व.मा पोखरा क्षेत्रमा सबैभन्दा बढी मुनाफा आर्जन गर्ने शाखा )

जिल्ला : काश्की

नगरपालिका : पो.उ.न.पा. १०

स्थापना मिति :२०६० माघ

कर्मचारी संख्या : १४

गत आर्थिक वर्षको मुनाफा :९ करोड ४ लाख

हालको निक्षेप : ४४ करोड ५१ लाख (०६८ असोज )

हालको कर्जा : ९९ करोड ६० लाख (०६८ असोज )

निक्षेप ग्राहक संख्या : ९२७९

कर्जा ग्राहक संख्या :१९२३

भाखा नाघेको कर्जा : ०.२२ प्रतिशत

चालु आ.व.को लक्ष :

निक्षेप : ४३ करोड ४३ लाख

कर्जा : १ अरव १५ लाख

भाखा नाघेको कर्जा : २१ लाख २० हजार

मुनाफा : ८ करोड ९५ लाख

## प्रगति समीक्षा गोष्ठी सम्पन्न

कार्तिक २४ हेटौंडा

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभाग र क्षेत्रीय कार्यालय वीरगन्जको संयुक्त आयोजनामा वीरगन्ज क्षेत्रका शाखा प्रवन्धकको सहभागितामा आयोजित त्रिदिवशीय प्रगति समीक्षा गोष्ठी हालै सम्पन्न भयो । सो गोष्ठीमा केन्द्रीय कार्यालय कानुन विभागका प्रमुख माधवराज पन्त, सामान्य सेवा विभागका प्रमुख मनमोहन प्रसाद भण्डारी, ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी, सूचना प्रविधि विभागका प्रमुख कपिल ज्ञवाली, कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्मा, आन्तरिक लेखा परीक्षण विभागका प्रमुख कविराज अधिकारी, कर्जा असुली तथा पुनसंरचना विभागका प्रमुख नरेश अर्याल, चाटर्ड एकाउन्टेन्ट विमल डंगोल तथा क्षेत्रीय कार्यालय वीरगन्जका प्रमुख अमरेन्द्र देव लगायतका महानुभावको समुपस्थिति थियो ।

# विभिन्न स्थानमा महालक्ष्मी वचत खाता उपहार वितरण कार्यक्रम

**विराटनगर :** राष्ट्रिय वाणिज्य बैंक लिमिटेड क्षेत्रीय कार्यालय विराटनगरको संयोजनमा शाखा कार्यालय विराटनगर,वरगाछि,देवकोटाचोक र सुक्खा बन्दरगाहमा महालक्ष्मी वचत खाता खोल्ने ग्राहकको सहभागितामा तीज महोत्सव सम्पन्न भयो । स्थानीय रामजानकी अतिथि सदनको सभाकक्षमा विराटनगर पोखरियाकी श्री पाथीभरा देवीको प्रमुख आतिथ्य एवं रावावैंक विराटनगर क्षेत्रका प्रमुख सुरेन्द्र कुमार वजिमयोको




**प्रमुख अतिथि पाथिभरा देवी बायाबाट प्रथम**

सभापतित्वमा सम्पन्न उक्त समारोहमा करिव ४०० महिलाको सहभागिता रहेको थियो । सो अवसरमा प्रमुख अतिथि पाथीभरा देवी माताले बैंकको उन्नति प्रगतिको शुभकामनासहित भगवती माता प्रार्थनाको भजन प्रस्तुत गर्नुभएको थियो ।सो समारोहमा सभापति सुरेन्द्र कुमार वजिमयोले राष्ट्रिय वाणिज्य बैंकले हाल गरेको प्रगति तथा आगामी कार्यक्रमबारे प्रकाश पार्नु



भएको थियो भने विशेष: अतिथि नेपाल राष्ट्र बैंक विराटनगर शाखाका व्यवस्थापक केदार आचार्यले राष्ट्रिय वाणिज्य बैंकले नेपाली नारीको महान पर्वको अवसरमा आयोजना गरेको महोत्सवले बैंकको साख बढाएको बताउनु भयो । सो अवसरमा तिज नृत्य तथा गायन, दर खाने तथा उपहार



**तिज महोत्सवको एक झलक**

वितरण लगायतका कार्यक्रमहरू आयोजना गरिएको थियो । शाखा कार्यालय बरगाछीका प्रवन्धक हरिबाबु आचार्यको संयोजकत्वमा गठित महोत्सव समिति र सो अन्तर्गतका विभिन्न उपसमितिको सक्रियता र सहायक पांचौं लक्ष्मी पौडेल (सुवेदी) को संचालनमा सम्पन्न सो कार्यक्रममा शाखा कार्यालय विराटनगरका प्रवन्धक उद्धव खनालले बैंकको वर्तमान अवस्था र आगामी कार्यक्रमबारे मन्तव्य दिनुभएको थियो भने सह लेखा अधिकृत अनिता खड्काले स्वागत मन्तव्य दिनुभएको थियो ।

**शाखा कार्यालय ईटहरी**

ईटहरी

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ईटहरीको आयोजनामा सो शाखामा महालक्ष्मी वचत खाता खोल्ने ग्राहकहरूलाई एक विशेष: समारोहका बीच उपहार वितरण गरियो । सो समारोहमा प्रमुख अतिथि महिला विकास अधिकृत श्रीमती जानकी राठीले महिलालाई बचत गर्न प्रोत्शाहित गरेकोमा रावावैंकको प्रशंसा गर्नुभएको थियो भने विशिष्ट अतिथि राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रमुख सुरेन्द्र कुमार वजिमयोले तिज पर्वमा रावावैंकद्वारा महिला ग्राहकलाई दिईने सुविधाका अतिरिक्त बैंकद्वारा ग्राहकलाई निकट भविष्यमा थपिने सुविधाहरूका बारेमा जानकारी दिनुभएको थियो । महिलालाई तीजको अवसरमा दर समेत खुवाईएको सो समारोहमा आयोजक शाखा कार्यालयका लेखा अधिकृत जानुका थापाको स्वागत मन्तव्य दिनुभएको थियो । सह लेखा अधिकृत विष्णुप्रसाद निरौलाको संचालनमा सम्पन्न सो समारोहमा बैंकमा महालक्ष्मी खाता खोल्ने ग्राहक, स्थानीय संघ संस्थाका महिला प्रतिनिधि, पत्रकार तथा कर्मचारीको उल्लेख्य उपस्थिति थियो ।

**शाखा कार्यालय लालवन्दी**

यसैगरि यस बैंकको शाखा कार्यालय लालवन्दीमा महालक्ष्मी वचत खाता खोल्ने ८५ ग्राहकलाई शाखा प्रवन्धक दीपक न्यौपानेले तीजको अवसमा उपहार प्रदान गर्नुभयो ।

**अन्य शाखाहरु**

यसैगरि शाखा कार्यालय स्याङ्जा बजार, शाखाकार्यालय कुस्मा लगायत देशका चारै क्षेत्रमा रहेका अधिकांश शाखा कार्यालयहरूमा महालक्ष्मी वचत खाता खोल्ने ग्राहकलाई विशेष कार्यक्रमको आयोजना गरि उपहार वितरण गरिएका संक्षिप्त समाचारहरू प्राप्त भएका छन् ।

## समवेदना

यस बैंकको शाखा कार्यालय कलंकीका लेखा अधिकृत शम्भुप्रसाद शर्मा (१००४५)की माता तुलसी देवी उपाध्यायको ७९ वर्षको उमेरमा ०६८ साउन ६ गते र पिता शिवप्रसाद शर्माको ८७ वर्षको उमेरमा ०६८ साउन २९ गते, सह लेखा अधिकृत परशुराम पोखेलका पिता पृथ्वीधर पोखेलको ८३ वर्षको उमेरमा केही पहिले र माता देवीमाया पोखेलको ८० वर्षको उमेरमा ०६८ असोज २ गते, शाखा कार्यालय भरतपुरका सह लेखा अधिकृत हरिप्रसाद आचार्य (६४०८) का पिता दुर्गादत्त आचार्यको मिति ०६८।५।१७ मा,कार्ड पेमेन्ट विभागका लेखा अधिकृत ईश्वरी प्रसाद दाहाल (८७५५)का पिता नरहरि दाहालको मिति ०६८।५।१७ मा, शाखा कार्यालय गजुरीका सहायक चौथो कमल प्रसाद यादव (१०५४६) पिता हेलाई यादवको मिति ०६८।५।९ मा, अवकाश कोषका लेखा अधिकृत कृष्णप्रसाद ओझा (९८६८) की माता नागेश्वरी ओझाको ९० वर्षको उमेरमा ०६८ असोज २९ गते,शाखा कार्यालय चरिकोटका सहायक प्रवन्धक नवराज खत्री (१०१५७) का पिता शेरबहादुर खत्रीको ८६ वर्षको उमेरमा असोज २५ गते ,शाखा कार्यालय धुलिखेलका सहायक पांचौ उत्तम थापा (९२८४) का पिता श्यामसुन्दर थापाको ६४ वर्षको उमेरमा असोज १५ गते, केन्द्रीय कार्यालय कर्जा असुली तथा पुर्नसंरचना विभागका लेखा अधिकृत शिवहरी पौड्याल (१००४४) की धर्म पत्नी सरस्वती पौड्यालको ४७ वर्षको उमेर मा मिति २०६८ /०५/२६ मा र शाखा कार्यालय बनेपाका सहायक पाँचौ इन्द्रमणि न्यौपानेकी ६७ वर्षीया माता गंगामाया न्यौपानेको मिति २०६८/०६/१६ मा निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको कामनासहित शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक**
परिवार

## सरुवा...

मिति २०६८।५।२ देखि २०६८।७।१४ सम्म कर्मचारी सरुवाको विवरण

| पद | नाम,थर | क.नं. | साविक कार्यालय | हालको कार्यालय |
|---|---|---|---|---|
| स.ले.अ. | श्री कूमार निरौला | ९५४२ | मा.सं.विभाग | ट्रेजरी बिभाग |
| स.ले.अ. | श्री विजय कूमार सिंह | १०३६२ | शा.का.सिराहा | शा.का.कठौना |
| सहायक पांचौ | श्री निरश झा | ८२८६ | शा.का.सिमिकोट | शा.का.कठौना |
| सहायक पांचौ | श्री मोहन कूमार श्रेष्ठ | १०५०४ | राजविराज | कठौना |
| स.ले.अ. | श्री सूर्य प्रसाद लम्साल | ९७१९ | पृथ्वीचोक | क्षे.का. पोखरा |
| स.ले.अ. | श्री गंगाधर पौडेल | ९४२० | पृथ्वीचोक | क्षे.का. पोखरा |
| ले.अ. | श्री केशव नारायण पौडेल | ८८०३ | पृथ्वीचोक | क्षे.का. पोखरा |
| ले.अ. | श्री ऋषि राम ढकाल | १११८७ | अमरसिंह चोक | पृथ्वीचोक |
| सहायक पांचौ | श्री दिलिप कूमार गूरुंग | ६१४५ | श्यांजावजार | कोटीहवा |
| का.मू स.पांचौ | श्री भगवान दास गूप्ता | १०११२ | सूख्खावन्दरगाह सूनौली | कोटीहवा |
| सहायक चौथो | श्री जिवन थापा | १०३३८ | गोरखा | रातामाटा |
| स.ले.अ | श्री राम कृष्ण श्रेष्ठ | ८७२४ | विजूवार | कोटीहवा |
| स.ले.अ. | श्री महेश सिग्देल | ११११३ | हेटौडा | रातामाटा |
| सहायक चौथो | श्री दिर्ध वहादूर श्रेष्ठ | ५४९५ | सिन्धूली | रातामाटा |
| सहायक पांचौ | श्री नवराज श्रेष्ठ | १०६३४ | गाइघाट | खोटांड०वजार |
| सहायक चौथो | श्री शम्भू राज निरौला | १०८१६ | गाइघाट | वेल्टार |
| नगद सहायक | श्री नविन प्रसाद नेपाल | ५९९४ | हिले | वेलवारी |
| का.मू.स.पाचौ | श्री अनल कूमार श्रेष्ठ | १०४७१ | वेल्टार | हिले |
| सहायक पांचौ | श्री राज कूमार पोखरेल | ६५५४ | वेलवारी | धरान |
| सहायक पांचौ | श्री जितेन्द्र वस्नेत | १०४३६ | धरान | क्षे.का.विराटनगर |
| सहायक पांचौ | श्री राम हरि गैरेल | १०३८२ | लाहान | टेकू |

## विभागीय कारवाही

| सि.नं. | पद र नाम | विषय | सम्बन्धित कार्यालय | भएको कारवाही |
|---|---|---|---|---|
| १ | स पाँचौं ईश्वरी न्यौपाने (४१५८) | शैक्षिक प्रमाणपत्र | क्षेत्रीय कार्यालय नेपालगंज | नोकरीबाट वर्खास्त |

## यूनियन गतिविधि

### शुभकामना कार्यक्रमहरू आयोजना

नेपालीका महान चाडहरू विजया दशमी, दीपावली २०६८, नेपाल सम्वत ११३२ छठ, इद, चासोक ताङनाम, ल्होसारको उपलक्षमा राष्ट्रिय वाणिज्य वैंकमा कार्यरत ३ वटै यूनियनहरूको आयोजनामा फरक फरक मितिमा शुभकामना कार्यक्रमहरू सम्पन्न भएका छन् ।

असोज १२ काठमाडौं

**नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक**

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय समितिको आयोजनामा केन्द्रीय कार्यालय परिसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो । आयोजक संघका महासचिव दिनेशविक्रम थापाको संचालनमा सम्पन्न उक्त समारोहमा राष्ट्रिय वाणिज्य वैंकका नायव महाप्रवन्धक कृष्ण प्रसाद शर्मा, रावावैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिका उपाध्यक्ष मोतिराम भट्टराई, नेपाल राष्ट्रिय कर्मचारी संगठन केन्द्रीय समितिका सचिव अग्र बहादुर विष्ट लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापाको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा नायब महाप्रबन्धक श्री ज्योतिचन्द्र ओझाका साथै विभागीय प्रमुखहरू र कर्मचारीको उल्लेख्य उपस्थिति थियो ।

कार्तिक ६, काठमाडौं

**राष्ट्रिय वाणिज्य वैक कर्मचारी संघ नेपाल**

राष्ट्रिय वाणिज्य वैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिको आयोजनामा केन्द्रीय कार्यालय परिसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका नवनियुक्त अध्यक्ष नरहरि ढकालले नेपालको राष्ट्रिय गान क्लिक गरी शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा अध्यक्ष श्री ढकालले



नेपालमा वित्तिय क्षेत्रको सुधार कार्यक्रम कार्यान्वयनपश्चात रावावैंक वित्तिय वजारमा आकर्षक र अत्यधिक जनआस्था भएको सुरक्षित बैंकको छवि वनाउन सफल भएको वताउदै बैंकलाई फेरि समस्याग्रस्त हुनबाट जोगाउन सवै सरोकारवाला चनाखो हुनुपर्ने वताउनुभयो । राष्ट्रिय वाणिज्य वैंकका हरेक नीतिगत निर्णयहरू ग्राहक (जनता ) ,सरकार र कर्मचारीको हीत सम्वर्द्धनबाट निर्देशित हुने वताउदै बैंकका समस्या समाधान गर्न सहभागिता, पारदर्शिता तथा आन्तरिक प्रजातन्त्रजस्ता आधारहरू अवलम्वन गरी समयवध्द कार्ययोजना कार्यान्वयनमा जोड दिईने वताउनुभयो । सो अवसरमा राष्ट्रिय वाणिज्य वैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले बैंकमा अर्को व्यवस्था नभएसम्म प्रमुख कार्यकारीको जिम्मेवारी प्राप्त गरेको वताउँदै आफूले जति नै अवधि काम गरेतापनि पेशागत नै तिकतालाई अघि राखेर बैंकको कार्य अघि बढाउने प्रतिवध्दता दोहराउनुभयो । राष्ट्रिय वाणिज्य वैंकको मानव संशाधन व्यवस्थापनमा केही समस्याहरू विगतदेखि नै जम्मा हुँदै आएकोले केही सुस्तता देखिएपनि क्रमिक रूपमा ती समस्याहरू हल गर्दै लगिने वताउदै प्रकाअ श्रीमती काफ्लेले बैंकको जनसेवा अभिवृध्दि गर्न यहि पुस मसान्तसम्म १४० शाखा पुरयाउने लक्ष लिएको वताउनुभयो ।

राष्ट्रिय वाणिज्य वैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिका अध्यक्ष नारायण प्रसाद सुवेदीको सभापतित्वमा संघका महासचिव वेद लावतीको संचालनमा सम्पन्न उक्त समारोहमा नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक केन्द्रीय समितिका अध्यक्ष अमृत बहादुर अधिकारी ,नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समितिका अध्यक्ष जितेन्द्रसिंह थापा लगायतका वक्ताहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । सो समारोहमा राष्ट्रिय वाणिज्य वैंक संचालक समितिका सदस्य कमल खरेल ,वैंकका नायव महाप्रवन्धकद्वय कृष्णप्रसाद शर्मा र प्रकाश कुमार ढुङ्गाना ,विभागीय प्रमुखहरू ,उपत्यकास्थित शाखाका प्रवन्धकका साथै रावावैंक केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीको उल्लेख्य उपस्थिति थियो ।

कात्तिक ७ काठमाडौं

**नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य वैंक लि.**

विजयादशमी ,शुभदिपावली, छठ पर्व ०६८ नेपाल सम्वत ११३२ को




उपलक्षमा नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य वैक लिमिटेड के.का. क्षेत्रीय समितिद्वारा केन्द्रीय कार्यालय परिसरमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरियो । सो समारोहमा प्रमुख अतिथि राष्ट्रिय



वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले हालको जमाना सहकार्यको जमाना भएकोले बैंकमा कार्यरत ३ वटै यूनियनहरूले एकैसाथ संयुक्त रूपमा शुभकामना कार्यक्रम संचालन गर्दा सम्बद्ध सबैको समय, श्रम र खर्च वचत भई कर्मचारी उत्पादकत्व बढ्ने हुंदा यी पर्वहरूले सबै कर्मचारीबीच सहकार्यको भावना बढाउन् भन्ने शुभकामना प्रकट गर्नुभयो। सो अवसरमा अध्यक्ष श्री ढकालले कर्मचारीका क्रियाकलाप प्रतिफलमुखी हुनुपर्ने तथा कर्मचारी पेशेवर हुनुपर्ने आवश्यकतामा जोड दिंदै निक्षेप, तरलताको समुचित परिचालन तथा जोखीमको उपयुक्त व्यवस्थापनमा सजगताको आवश्यकता औल्याउनुभयो।

सो समारोहमा रावावैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले वैंक व्यवस्थापन र कर्मचारी अभिन्न अंग रहेकोले बैंकको हित प्रवर्द्धन खातिर आपसी समभ्रदारी र सहमतिबाट अघि बढी राष्ट्रिय वाणिज्य बैंकलाई सबै परिसूचकमा पहिलो स्थानमा पुऱ्याउनु पर्ने बताउनुभयो। सो अवसरमा बैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले हाम्रा अधिकांश चाडपर्वहरूले नकारात्मक कुरा उपर सकारात्मक कुराको विजयको सांस्कृतिक सन्देश दिंदैआएको वताउदै हामी सबैले यस मान्यतालाई अंगिकार गरी अघि बढेमा रावावैंकको प्रगति सुनिश्चित गर्न सकिने वताउनुभयो। नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक लि.केन्द्रीय कार्यालय क्षेत्रीय समितिका अध्यक्ष माधव प्रसाद गौतमको सभापतित्वमा सम्पन्न उक्त समारोहमा संगठनका केन्द्रीय अध्यक्ष अमृत बहादुर अधिकारीले शुभकामना मन्तव्य दिनुभएको थियो भने क्षेत्रीय सहसचिव लक्ष्मी ऐडिले शुभकामना कविता वाचन गर्नुभएको थियो। आयोजक सगठनका सचिव गुप्त बहादुर के.सि.को संचालनमा सम्पन्न उक्त समारोहमा बैंकका नायव महाप्रवन्धक प्रकाश कुमार ढुंगाना, विभागीय प्रमुखहरू , कर्मचारीहरूका साथै नेपाल राष्ट्रिय कर्मचारी संगठन बैंक तथा वित्तिय संस्थाका अर्जुन कार्की लगायतका महानुभावको समुपस्थिति रहेको थियो।

## नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय परिषद्को वैठक सम्पन्न

कार्तिक ३० काठमाडौं

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. सातौं



केन्द्रीय परिषदको वैठक हालै सम्पन्न भयो। उक्त वैठकको प्रमुख अतिथि पूर्व अर्थमन्त्री डा. राम शरण महतले एक विशेषः समारोहका बीच दीप प्रज्वलित गरि समुद्घाटन गर्नुभएको थियो। सो अवसरमा पूर्व अर्थ मन्त्री डा. महतले यूनियनले वर्गिय हीतका साथै रावावैंकको हीत सम्वर्द्धनमा विशेषः भूमिका अदा गर्नुपर्ने वताउदै रावावैंक कारोवारको आधारमा जति विशाल छ त्यति नै आधारमा उत्कृष्ठतापूर्वक अघि बढाउन रावावैंक व्यवस्थापन र कर्मचारी यूनियनहरूले सकियता देखाउनु पर्ने आवश्यकता औल्याउनुभयो। सो अवसरमा विशिष्ट अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य मान बहादुर विश्वकर्माले बैकिंग बजारमा विद्यमान प्रतिष्पर्धात्मक अवस्थालाई अवसरको रूपमा लिई रावावैंकलाई सबैभन्दा सवल संस्थाको रूपमा विकास गर्न शुभकामना प्रकट गर्नुभयो।

सो समारोहमा विशेषः अतिथि राष्ट्रिय वाणिज्य वैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले मुलुककै ठुलो र पूर्ण सरकारी राष्ट्रिय वाणिज्य बैंकसंग तुलनात्मक लाभका कयन सवल पक्षहरू रहे पनि प्रतिष्पर्धा एक अहम् चुनौती रहेको र प्रतिष्पर्धा हांक्ने कर्मचारी नै भएको सन्दर्भमा कर्मचारीमा व्यवसायिकता र स्वअनुशासनको आवश्यकता रहेको वताउनुभयो। हालका वर्षहरूमा रावावैंकमा धेरै सुधार भएको पाईएतापनि सुधारको गतिलाई निरन्तरता दिन व्यवसायिक र सक्षम प्रमुख कार्यकारी अधिकृतको पदस्थापन पूर्व शर्त रहेकोले त्यस दिशामा संचालक समितिले पहल गरिरहेको अध्यक्ष ढकालले वताउनुभयो। सो अवसरमा अतिथि राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले विगतमा आक्रामक र प्रतिरक्षात्मक ढंगले चल्दै आएका रावावैंकका यूनियनहरू हालका दिनमा सहयोगात्मक ढंगले चल्दैआएकोमा प्रशन्नता व्यक्त गर्दै कर्मचारीका सेवा सुविधा बृध्दिमा व्यवस्थापन संधै सकारात्मक रही आएको पृष्ठभूमिमा



यूनियनहरूले सेवा सुविधा बृध्दिको माग गर्दा संस्थागत क्षमतामा पनि ध्यान दिनुपर्ने वताउनुभयो। सो अवसरमा नायव महाप्रवन्धक श्री शर्माले नेपालको वित्तिय वजारमा अधिकांश परिसूचकको आधारमा रावावैंक एक स्थीर बैंकको रूपमा रही आएतापनि अस्थिर र खतरनाक मोडबाट गुज्रिरहेको वर्तमान वित्तिय वजारमा वित्तिय स्थीरता कायम गर्न रावावैंक , नेपाल बैंक लि. र कृषि विकास बैंकको बजार हिस्सा बढाउनु पर्ने आवश्यकता औ ल्याउनुभयो।

आयोजक संधका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापाको सभापतित्व तथा महासचिव दिनेशविक्रम थापाको संचालनमा सम्पन्न उक्त समारोहमा नेपाल ट्रेड यूनियन कांग्रेस (स्वतन्त्र ) का उपाध्यक्ष गणेश निरौला,नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष गणेश वहादुर के.सि.,राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ लि.नेपालका महासचिव वेद लावती, नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंकका केन्द्रीय अध्यक्ष अमृत बहादुर अधिकारी लगायतका वक्ताले नेपालको श्रम बजार, ट्रेड यूनियन आन्दोलन र आगामी दिशाका सम्वन्धमा मन्तव्य दिनुभएको थियो। उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरू विष्णुदास डंगोल, पितृभक्त पोखेल,वालचन्द्र श्रेष्ठ, राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा, विभागीय प्रमुखहरू नेपाल ट्रेड यूनियन कांग्रेस,नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय समिति र देशभर रावावैंकका विभिन्न १३५ कार्यालयमा कार्यरत नेपाल वित्तिय संस्था कर्मचारी संघ सम्वध्द पार्षद, पर्यवेक्षक तथा अतिथि सहित ५०० महानुभावको उपस्थिति थियो।

# राष्ट्रिय वाणिज्य बैंक : वरिष्ठ अधिकारीहरुको विदाई

मंसीर ३ काठमाडौं (छाप्दाछाप्दै)

राष्ट्रिय वाणिज्य बैक व्यवस्थापनद्वारा वैंकको संचालक समितिका निवर्तमान अध्यक्ष रामप्रसाद अधिकारी, वैकबाट अवकाश लिनुभएका नायव महाप्रवन्धक प्रकाशकुमार ढुंगाना, कर्जा विभागका प्रमुख रामेश्वरप्रसाद अर्याल एवं कर्जा असुली तथा पुनसंरचना विभागका प्रमुख रविन्द्रलाल श्रेष्ठ लगायतका महानुभावहरूको एक विशेष: समारोहका बीच हार्दिक विदाई गरियो । सो अवसरमा आयोजित समारोहमा बैंक संचालक समितिका नवनियुक्त अध्यक्ष नरहरि ढकालले राष्ट्रिय वाणिज्य बैंक देशकै ठूलो संस्था भएकोले यसका सामु ठूलै चुनौती र अवसर रहनु स्वभाविक भएको वताउँदै



हाम्रा प्रयासहरू प्रतिकुलतामा अनुकूलता खोजी चुनौतीलाई अवसरमा वदल्ने दिशामा उन्मुख हुनुपर्ने वताउनुभयो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले रावावैंक एक पध्दतिमा चलिरहेको बैंक भएकोले यसको व्यवस्थापनमा आफूले सहज अनुभव गरेको वताउँदै यस बैंकसंग अद्यापी रहेका केही कमीकमजोरीलाई सामुहिक प्रयासबाट हटाउनु पर्ने वताउनुभयो । सो अवसरमा विदाई हुने बैंक संचालक समितिका निवर्तमान अध्यक्ष रामप्रसाद अधिकारीले राष्ट्रिय वाणिज्य बैंकको सुदृढिकरणको लागि तत्काल मर्जरको आवश्यकतामा जोड दिदै बैंकलाई राजनीतिकरणबाट अलग राखी पेशेवर व्यवस्थापनमार्फत चलाउनु पर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा बैंकका विदाई हुने निवर्तमान नायव महाप्रवन्धक प्रकाश कुमार ढुंगाना,कर्जा विभागका प्रमुख रामेश्वर अर्याल,कर्जा असुली तथा पुनस्रचना विभागका प्रमुख रविन्द्र श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकमा लामो अवधि कार्यरत रहदाको सेवा अनुभव र अवकाशोपरान्त आफूले वाह्य बजारमा अनुभूत गरेको यस बैंकको चम्किलो छविबारे प्रकाश पार्नुभएको थियो। सो समारोहमा विदाई हुने अधिकारीहरूलाई वैंक संचालक समितिका अध्यक्ष नरहरि ढकाल र वैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्ले उपहार दिनुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका नवनियुक्त सदस्यहरू विष्णुदास डङ्गोल, वालचन्द्र श्रेष्ठ ,बैंकका नायव महाप्रवन्धकद्वय कृष्णप्रसाद शर्मा र ज्योतिचन्द्र ओझा ,विभागीय प्रमुख तथा वरिष्ट अधिकृतहरूको समुपस्थितिमा केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागको आयोजनामा होटल डेला अन्नपूर्णको सभाकक्षमा आयोजित उक्त समारोहको संयोजन तथा संचालन विभागीय प्रमुख भेषराज पन्थीले गर्नुभएको थियो ।

# प्रवन्धकस्तरीय कम्प्रिहेन्सिभ तालीम कार्यक्रम सम्पन्न

२४ कार्तिक थापाथली

राष्ट्रिय वाणिज्य वैंक तालीम तथा विकास विभागको आयोजनामा बैकका विभिन्न २७ शाखा कार्यालयका प्रवन्धकहरूको सहभागितामा आयोजित चौथो चरणको पांच दिवशीय प्रवन्धक स्तरीय कम्प्रिहेन्सिभ तालीम कार्यक्रम हालै सम्पन्न भयो । परिवर्तित परिवेशमा शाखा प्रवन्धकहरूको नेतृत्व एवं व्यस्थापकीय क्षमता अभिवृध्दि गरि बैंकको समग्र कार्यदक्षतामा सुधार ल्याउने उद्धेश्यले आयोजित उक्त तालीम कार्यक्रमको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लले सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत काफ्लेले रावावैंकसंग कयन् सवल पक्षहरू तथा आफ्नै विशिष्ट प्रतिष्ठा रहेको कारणले यसको निक्षेप कारोवारमा दिनानुदिन वृध्दि भएको वताउँदै अव कर्जामा निहित जोखिम न्यूनीकरणमा शुरूदेखि नै सजगता अपनाउँदै गुणस्तरीय कर्जा विस्तारमा जोड दिनुपर्ने वताउनुभयो । सो अवसरमा नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले वैंकले विगतमा शाखा प्रवन्धकहरूलाई नियन्त्रणात्मक दृष्टिकोणबाट प्रशिक्षित गर्दैआएकोमा वर्तमान प्रतिष्पर्धात्मक परिवेशमा प्रवन्धकहरूलाई स्थानीय विन्दुवाट ग्राहकको चाहना जानीबुझि विवेकसम्मत ढंगले अघि बढ्न प्रेरित गर्न उनीहरूको नेतृत्व क्षमता अभिबृध्दिमा जोड दिएको वताउनुभयो । रावावैंकलाई माया गर्ने मध्यम र निम्न वर्ग रहेको र बैंकको दिगोपनाको लागि ती ग्राहकलाई विशेष ख्याल गर्नुपर्ने वताउँदै नायव महाप्रवन्धक श्री शर्माले हालका दिनमा देखिन थालेको संचालन नोक्शानीको अवस्था हटाउन व्यवसाय विस्तारका साथै निक्षेप लागत न्यूनिकरणको आवश्यकतामा जोड दिनुभयो ।

राष्ट्रिय वाणिज्य वैक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको संयोजकत्वमा बैंककै सभाकक्षमा सम्पन्न चौथो चरणको तालीम कार्यक्रमको समापन समारोहमा



सोही विभागका उपप्रमुख मित्रलाल पंज्ञानी , सहभागीको तर्फबाट शाखा कार्यालय बूढानिलकण्ठका प्रवन्धक राधेश्याम डंगोल लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो । बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा,मानव संशाधन विभागका प्रमुख रामचन्द्र सुवेदी,सूचना प्रविधि विभागका प्रमुख कपिल ज्ञवाली,वित्त विभागका प्रमुख नारायण बहादुर अधिकारी,कम्पनी सचिव विष्णुप्रसाद पौडेल, रावावैक समाचारका प्रधान सम्पादक मुकुन्द अर्याल लगायतका महानुभावको समुपस्थिति रहेको सो समारोहमा राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय खरानीटार,लुक्ला, सल्लेरी,बुढानिलकण्ठ, उर्लाबारी, इलाम, सुखावन्दरगाह विराटनगर, भोजपुर, खांदवारी, चैनपुर, स्याङ्जाबजार, आंबुखैरेनी, गुल्मी, सन्धिखर्क, पाल्पा, वैतडी, मुगु, दैलेख, वझाङ्ग, बाजुरा, बिजुवार, भजनी, लम्की, मान्म, श्रीपुर बेलौरीका प्रवन्धकहरूको सहभागिता थियो । यसअघि शुभारम्भ समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्ले र नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले निर्देशन मन्तव्य दिनुभएको थियो ।

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Shiba Devi Kafle, Advisor : DGM K.P. Sharma, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Public Printing Press Pvt. Ltd., Kathmandu